# पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८

**नेपाल सरकारबाट प्रथम संशोधन मिति: २०८३/०५/१२**

**प्रस्तावना:** दुर्घटना, प्राकृतिक विपद् वा अन्य कुनै कारणबाट मृत्यु भई पहिचान हुन नसकेको वा हकवाला वा आफन्त फेला पार्न नसकी वेवारिसे भएको शवको उचित रुपमा व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधि निर्धारण गर्न आवश्यक भएकाले,

नेपाल प्रहरी ऐन, २०१२ को दफा २२क. को प्रयोजनको लागि नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "अन्त्येष्टि" भन्नाले शवलाई सम्बन्धित धर्म, परम्परा तथा संस्कृति अनुरुप जलाई वा समाधिस्थ गरी पूर्णरुपमा अन्त्य गर्ने कार्य सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले दफा ११ बमोजिमको वेवारिसे शव सूचना संकलन र व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

(ग) "वेवारिसे शव" भन्नाले आफन्त वा हकवाला पत्ता नलागेको वा कसैले दावी नगरेको शव सम्झनु पर्छ।

$^{\pi}$(ग१) "शव व्यवस्थापन" भन्नाले शवलाई पूर्ण रूपले अन्त्य नगरी अस्थायी रूपमा गरिने व्यवस्थापन सम्झनु पर्छ।

(घ) "शव व्यवस्थापन पोर्टल" भन्नाले पहिचान नभएका तथा वेवारिसे शवको विस्तृत विवरण रहेको दफा ११ को उपदफा (३) बमोजिमको पोर्टल सम्झनु पर्छ।

(ङ) "समाधिस्थ" भन्नाले शवलाई सम्बन्धित धर्म, परम्परा वा संस्कृति अनुरुप गाड्ने वा पुर्ने कार्य सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा १२ बमोजिमको पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन जिल्ला समिति सम्झनु पर्छ।

३. **शवको संकलन तथा मुचुल्का:** (१) कुनै स्थानमा पहिचान नभएको तथा वेवारिसे अवस्थामा शव रहेको जानकारी प्राप्त हुन आएमा त्यस्तो शवको उचित व्यवस्थापनको लागि स्थानीय प्रहरी कार्यालयले



$\pi$ पहिलो संशोधनद्वारा थप

शवलाई सुरक्षित राखी सम्बन्धित स्थानीय तह र स्थानीय तहका वडा प्रतिनिधिलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै स्थानमा पहिचान नभएको तथा वेवारिसे अवस्थामा शव प्राप्त भएपछि स्थानीय तहको प्रतिनिधि र सम्भव भएसम्म स्थानीय नागरिकको रोहवरमा अनुसूची -१ बमोजिम मुचुल्का खडा गर्नु पर्नेछ।

४. **शवको प्रारम्भिक पहिचान:** (१) दफा ३ बमोजिम प्राप्त भएको शवको प्रारम्भिक रुपमा नै पहिचान भएमा सम्बन्धित स्थानीय प्रतिनिधि र स्थानीय नागरिकको रोहवरमा सम्बन्धित हकवाला वा आफन्तलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शवको पहिचान गर्दा देहायका आधारमा गर्न सकिनेछ:

(क) प्रारम्भिक रुपमा:

(१) शवको अवलोकन गरी,
(२) फोटोग्राफको आधारमा,
(३) फोटो सहितको परिचयपत्रको आधारमा,

(ख) अन्य विधि:

(१) व्यक्तिगत विवरण (उमेर, लिङ्ग, उचाई, जन्मजात चिन्ह, ट्याटु, खत, कोठी आदि),

(२) अन्य सामाग्री जस्तै: गहना, कुनै किसिमको परिचयपत्र, लुगाको ब्रान्ड, घडी, जुत्ता चप्पल आदि,

(३) उपखण्ड (१) र (२) बमोजिम पहिचान गर्दा खण्ड (क) बमोजिमको आधार समेत लिनुपर्नेछ।

(३) उपदफा (२) मा उल्लेखित आधारमा शवको पहिचान हुन नसकेमा त्यस्तो शवलाई छिटो माध्यमद्वारा अस्पतालमा पुऱ्याई वा तोकिएको सुरक्षित स्थानमा राखी दफा ५ बमोजिम थप विधिको प्रयोग गरी शवको पहिचान सम्बन्धी कार्य तदारुकताका साथ गर्नु पर्नेछ।

(४) शव पहिचान गर्न सम्बन्धित प्रहरी कार्यालयले शवको सम्बन्धमा उपलब्ध विवरण खुलाई सम्बन्धित स्थानीय तहको वडा कार्यालय र अन्य सार्वजनिक ठाउँमा सूचना टाँस गर्न वा कुनै सञ्चार माध्यमको प्रयोग गर्न सक्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शवको सामान्य परीक्षणबाट मृत्युको कारण शंकास्पद देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धानको कारवाही अगाडि बढाउनु पर्नेछ।

५. **थप विधिको प्रयोग गरी शवको पहिचान:** (१) दफा ४ बमोजिम प्रारम्भिक रुपमा शव पहिचान हुन नसकेमा विधि विज्ञ चिकित्सक (फरेन्सिक डाक्टर), विशेषज्ञ चिकित्सक वा चिकित्सकले वेवारिसे शवसँग सम्बन्धित देहायका विवरणलाई सम्भव भएसम्म नेपाल सरकारको अभिलेखमा भएका बायोमेट्रिक औंठाछाप वा आइरिस लगायतका अभिलेखहरूसँग रुजु गरी पहिचान गर्नु पर्नेछ:

(क) हस्तरेखा/औंठाछाप (फिंगर प्रिन्ट),

(ख) दाँतको तुलना (Forensic odontology),

(ग) फरेन्सिक रेडियोलोजी (Forensic Radiology) (X-ray),

(घ) फरेन्सिक एन्थ्रोपोलोजी (Forensic Anthropology),

(ङ) डि.एन.ए (DNA) परीक्षण,

(च) आइरिस स्क्यान (Iris Scan)।

(२) उपदफा (१) बमोजिम पहिचानको विधि प्रयोग गरी शव पहिचान हुन नसकेमा विधिविज्ञ चिकित्सकको सिफारिसका आधारमा समितिले अन्य विधिको प्रयोग गरी शवको पहिचान गराउन सक्नेछ।

६. **शवको पहिचान तथा सनाखत: देहायको आधारमा शवको पहिचान तथा सनाखत गर्नु पर्नेछ:**

(क) मृतकको शारीरिक लक्षण, लत्ताकपडा, फोटोग्राफ, परिचय-पत्र लगायतका विवरणसँग हराई रहेका वा मृत्यु भइसकेका भनेका व्यक्तिहरूको सूचना बीच तुलना गरी एउटै किसिमका सूचनाको आधारमा मृत शरीरको सनाखत गर्ने।

(ख) नसडेका शवहरूको कुनै एक वा एकभन्दा बढी वस्तुपरक लक्षणका साथमा दृष्टिमूलक पहिचान (Visual identification) प्रक्रियालाई सनाखतको पहिलो तरिका बनाउने र आवश्यकता अनुसार अन्य विधि विज्ञान (Forensic) अनुसन्धानात्मक सनाखत प्रक्रियाको अवलम्बन गर्ने।

(ग) शवको दृष्टिमूलक पहिचान वा भेटिएको लक्षणबाट वा सामान्य विधिबाट शव सनाखत हुन नसकेमा विधि विज्ञान (Forensic) का थप अनुसन्धानात्मक (शव परीक्षण, औंठाछाप, दन्त परीक्षण, DNA परीक्षण आदि) प्रक्रियाको अवलम्बन गर्ने।

(घ) सरकारी वा अन्य निकाय (गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, निर्वाचन आयोग, यातायात व्यवस्था विभाग) सँग सुरक्षित रहेका औंठाछाप डाटासँग वेवारिसे शवबाट लिएको औंठाछाप भिडाई सनाखत प्रक्रिया अगाडि बढाउने।

(ङ) यदि औंठा छापबाट सम्भव नभएमा अन्य वैज्ञानिक विधि अर्थात विशेषज्ञ चिकित्सक वा चिकित्सकबाट हाल प्रचलनमा रहेका विधि अवलम्बन गर्ने।

७. **पहिचान नभएको वा वेवारिसे शव यकीन गर्ने:** (१) दफा ४ वा ५ बमोजिम कुनै शव पहिचान हुन नसकेमा सम्बन्धित प्रहरी कार्यालयले शवको उपलब्ध भएसम्मको विवरण र पहिचानका लागि गरिएका कारवाहीको विवरण उल्लेख गरी समितिमा पठाउनु पर्नेछ।

(२) दफा ४ वा ५ बमोजिम पहिचान भएको कुनै शवको आफन्त वा हकवाला पत्ता नलागेमा वा कसैले दावी नगरेमा सम्बन्धित प्रहरी कार्यालयले सोको विवरण उल्लेख गरी समितिमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त विवरणको आधारमा समितिले त्यस्तो शवलाई पहिचान नभएको तथा वेवारिसे शवको रुपमा यकीन गरी अभिलेख गर्नेछ।

८. **पहिचान नभएको तथा वेवारिसे शवको विवरण पोर्टलमा राख्ने:** (१) दफा ४ वा ५ बमोजिम शवको पहिचान नभएमा वा दफा ६ बमोजिम वेवारिसे देखिएमा सम्बन्धित प्रहरी कार्यालयले समितिको दफा ६ बमोजिमको सनाखत सहित शवको विवरण केन्द्रको शव व्यवस्थापन पोर्टलमा राख्नको लागि उपलब्ध गराउनु पर्नेछ। सो केन्द्रले त्यसरी प्राप्त विवरणलाई यथाशीघ्र शव व्यवस्थापन पोर्टलमा राख्नु पर्नेछ।

(२) उपदफा (२) बमोजिम शव व्यवस्थापन पोर्टलमा वेवारिसे शव सम्बन्धी सूचना राख्दा शवको स्पष्ट मुखाकृति खुल्ने तस्वीर, मृतक व्यक्तिको पहिचान खुल्ने अन्य विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको विवरण सार्वजनिक गर्दा मृत व्यक्ति विदेशी नागरिक भएमा सो समेत खुलाउनु पर्नेछ।

[π](४) यस दफा बमोजिम पोर्टलमा विवरण राखिएको सूचना केन्द्रले सार्वजनिक सञ्चार माध्यमबाट प्रशारण वा प्रकाशन गर्नु पर्नेछ।

९. **अभिलेखिकरण:** सम्बन्धित प्रहरी कार्यालयले पहिचान नखुलेको तथा वेवारिसे शवसँग सम्बन्धित देहायका विवरण देहाय बमोजिम अभिलेख गरी व्यवस्थित रुपमा राख्नु पर्नेछ:-



π पहिलो संशोधनद्वारा थप

(क) घटनास्थलबाट शवको संकलन गरे पश्चात प्रत्येक शवलाई छुट्टा-छुट्टै सिलसिलेवार नम्बर दिने ।

(ख) शवसँग भेटिएका गहना, नगद, लत्ताकपडा तथा परिचयपत्र वा कागजातहरूमा शवलाई दिएको नम्बर जनाई सुरक्षित साथ छुट्टै क्याविनेट बनाई राख्ने ।

(ग) शवको तथा सामानको नम्बर लेख्दा नमेटिने स्थायी मसी र पानीबाट जोगिने कागजको प्रयोग गर्ने,

(घ) शवको परिचय नम्बर र मुखाकृति स्पष्ट आउने गरी परिचय खुल्ने कुनै सामान वा लक्षण भए सो समेत स्पष्ट देखिने गरी डिजिटल फोटो खिची सुरक्षित राख्ने ।

(ङ) शवको सनाखत फारम लगायतका फारमहरु (अनुसूचीमा उल्लेखित फारमहरु) दुई प्रति भरी एक प्रति शव भण्डारण घरमा र एक प्रति घटना दर्ताका साथ स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय र शव भेटिएको स्थानको प्रहरी कार्यालयमा राख्ने ।

१०. **शवमा संकेत चिन्ह राख्ने:** पहिचान नभएको तथा वेवारिसे शव भेटिए पश्चात त्यस्तो शवको सुरक्षित व्यवस्थापनको लागि शवको चिकित्सीय जाँच गराई रोग संक्रामकताको अवस्था र क्षमताको पहिचान गरी शवमा देहायको अवस्थामा देहायको चिन्ह संकेत गरी अनुसूची-२ बमोजिमको फाराम भरी राख्नु पर्नेछ :

(क) हरियो संकेत - रोग संक्रामक क्षमता नभएको शव ।

(ख) पहेलो संकेत - रोग संक्रामक क्षमता भएको शव ।

(ग) रातो संकेत - रोग संक्रामक क्षमता उच्च भएको शव ।

[π]**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "शव" भन्नाले त्यसरी भेटिएको शरीरको कुनै अङ्ग वा भागलाई समेत जनाउँछ ।

११. **पहिचान नभएको तथा वेवारिसे शव सूचना संकलन र व्यवस्थापन केन्द्र:** (१) प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग अन्तर्गत पहिचान नभएको तथा वेवारिसे शव सूचना संकलन र व्यवस्थापन केन्द्र (अनआइडेन्टिफाइड डेड बडी इन्फर्मेशन कलेक्सन एण्ड म्यानेजमेन्ट सेन्टर) रहने छ।

(२) केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

π पहिलो संशोधनद्वारा थप

(क) पहिचान नभएका तथा वेवारिसे शवबाट प्राप्त भौतिक सबुद परीक्षण गर्ने वा गर्न लगाउने, वैज्ञानिक अभिलेख, भेटिएको फोटो सहितको विवरण सार्वजनिक गरी हकवाला वा आफन्त पहिचान हुन सकेमा सम्बन्धित हकवाला वा आफन्तलाई हस्तान्तरण गर्ने,

(ख) पहिचान नभएका तथा वेवारिसे शव अनुसन्धान पश्चात व्यवस्थापनको लागि राष्ट्रियस्तरमा देखरेख, नियन्त्रण, भण्डारण, ढुवानी, हस्तान्तरण एवं सुरक्षाका लागि मातहतका निकायलाई निर्देशन दिने,

(ग) पहिचान नभएका तथा वेवारिसे शवको व्यवस्थापन गर्ने स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वयका लागि आवश्यक सहजीकरण गरिदिने,

(घ) आफ्ना आफन्त हराएको भनी केन्द्रमा प्राप्त सूचनाहरूलाई केन्द्रसँग रहेको शवको विवरणसँग भिडाई विज्ञद्वारा आवश्यक परीक्षण गरी गराई शवको पहिचान गर्ने, अन्त्येष्टि नभएको शव हस्तान्तरण गर्ने, अन्त्येष्टि भइसकेको भए सोको विवरण उपलब्ध गराउने ।

(३) केन्द्रले पहिचान नभएका तथा वेवारिसे शवको विवरण राख्न केन्द्रीय पोर्टलको रुपमा नेपाल प्रहरीको अफिसियल वेबसाइट www.nepalpolice.gov.np को प्रयोग गर्नेछ । सो वेबसाइटको Unidentified Dead Bodies Icon बाट वेवारिसे शव सम्बन्धी विवरण हेर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ । केन्द्रले आवश्यकता अनुसार केन्द्रीय तहका अन्य निकायबाट माग भई आएको अवस्थामा त्यस्तो वेबसाइटको लिङ्क समेत उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको पोर्टल मार्फत केन्द्रले देहायका कार्यहरु गर्नेछ:

(क) पहिचान नभएका तथा वेवारिसे शवको अद्यावधिक विवरण सार्वजनिक गर्ने,

(ख) हस्तान्तरण हुन नसकी [π]शव व्यवस्थापन गरिएका वा शवलाई सुरक्षित राख्न नसक्ने स्थितिमा अन्त्येष्टि गरिएका शवको विवरण समेत पोर्टलमा राख्ने,

(ग) [π]शव व्यवस्थापन वा अन्त्येष्टि पछि पहिचान खुलेमा त्यस्तो शवको विवरण सम्बन्धित हकवाला वा आफन्तलाई उपलब्ध गराउने,

(घ) हराइरहेका व्यक्ति एवं वेपत्ता व्यक्तिको विवरण खोजी कार्यको लागि समेत पोर्टल प्रयोग गर्न अनुमति दिने,

(ङ) हराई रहेका व्यक्तिको विवरण राख्नको लागि छुट्टै पोर्टलको व्यवस्था गर्ने ।

---

π पहिलो संशोधनद्वारा थप

१२. **पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन जिल्ला समिति:** (१) पहिचान नभएका तथा वेवारिसे शवको व्यवस्थापन सम्बन्धमा आवश्यक कार्य गर्न जिल्लामा देहाय बमोजिमको पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन जिल्ला समिति रहनेछ :

(क) प्रमुख, जिल्ला प्रहरी कार्यालय -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत - सदस्य

(ग) प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य

(घ) प्रतिनिधि, जिल्ला सरकारी वकिल कार्यालय - सदस्य

(ङ) प्रतिनिधि, सम्बन्धित स्थानीय तह - सदस्य

(च) प्रदेश वा जिल्लास्थित सरकारी वा सामुदायिक अस्पतालमा कार्यरत फरेन्सिक विशेषज्ञ वा चिकित्सक - सदस्य

(छ) प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी - सदस्य

(ज) जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको कर्मचारी -सदस्य-सचिव

(२) समितिले आफ्नो काम कारवाहीलाई प्रभावकारी बनाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय गर्नेछ ।

(३) समितिले आवश्यक ठानेमा अन्य स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल तथा नागरिक समाज लगायतका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **समितिको काम कर्तव्य र अधिकार:** (१) यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) पहिचान नभएका तथा वेवारिसे शवको सर्वसाधारण नागरिकले सूचना पाउने गरी केन्द्रको शव व्यवस्थापन पोर्टलमा राख्न सिफारिस गर्ने,

(ख) पहिचान नभएको शवको पछि कुनै कारणले पहिचान खुली हकवाला वा आफन्त पहिचान भएमा स्थानीय तहको प्रतिनिधिको रोहवरमा सम्बन्धित हकवाला वा आफन्तलाई जिम्मा लगाउने,

(ग) पहिचान नभएका तथा वेवारिसे शवलाई सिकाई प्रयोजनको लागि कुनै पनि शिक्षण अस्पताललाई उपलब्ध गराउने,

(घ) खण्ड (ग) बमोजिम हस्तान्तरण नभएको शवको अन्त्येष्टि गरी सोको विवरण केन्द्रको शव व्यवस्थापन पोर्टलमा राख्ने व्यवस्था गरी सोको विस्तृत विवरण जिल्लास्थित सरकारी अस्पताल वा जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहमा समेत राख्न आवश्यक प्रबन्ध गर्ने,

(ङ) पहिचान नभएको तथा $^{\pi}$वेवारिसे शवको शव व्यवस्थापन वा अन्त्येष्टिको लागि स्थानीय तहको समन्वयमा स्थान पहिचान गर्ने र सो स्थानको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउने।

(च) $^{\pi}$शव व्यवस्थापन वा अन्त्येष्टि भइसकेको शवको पछि पहिचान खुल्न आएमा सम्बन्धित हकवाला वा आफन्तलाई सोको विवरण उपलब्ध गराउने व्यवस्था मिलाउने।

(छ) शिक्षण अस्पतालले सिकाई प्रयोजन पश्चात उक्त शवको सुरक्षित अन्त्येष्टि गरे नगरेको र तत् पश्चात सोको विवरण सम्बन्धित निकायमा उपलब्ध गराए नगराएको विषयमा विशेष निगरानी र अनुगमन गर्ने।

१४. **पहिचान नभएका तथा वेवारिसे शवको भण्डारण तथा संरक्षण:** यस निर्देशिका बमोजिम पहिचान नभएका तथा वेवारिसे शव निश्चित अवधिको लागि देहाय बमोजिम भण्डारण एवं संरक्षण स्थलमा राखिनेछ:

(क) नजिकको संघीय, प्रादेशिक र स्थानीय तहका अस्पतालमा रहेका शव भण्डारण कक्ष,

(ख) सामुदायिक अस्पतालमा भएका शव भण्डारण कक्ष,

(ग) सरकारी एवं सामुदायिक रुपमा सञ्चालित शवगृह,

(घ) समितिको सिफारिसमा स्थानीय तहले अस्थायी रुपमा शव संरक्षण गर्नको लागि तोकेको स्थान,

$^{\pi}$(घ१) विपद्को कारण मृत्यु भएका व्यक्तिको शवको हकमा जिल्ला विपद् व्यवस्थापन समितिले तोकेको स्थान,

(ङ) समितिले तोकेको अन्य उपयुक्त स्थान।

$\pi$ पहिलो संशोधनद्वारा थप

[π]१४क. **विपद्को कारण मृत्यु भएका व्यक्तिको शव परीक्षण** : (१) विपद्बाट मृत्यु भएका व्यक्तिको शव वा शरीरको कुनै अङ्ग वा भाग फेला परेको अवस्थामा सोको लाशजाँच मुचुल्का र प्रारम्भिक शारीरिक जाँचबाट त्यस्तो व्यक्तिको मृत्यु विपद्को कारणबाट भएको सुनिश्चित भएमा शव परीक्षण गर्दा व्यक्ति पहिचानका लागि आवश्यक हुने परीक्षण मात्र गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गरिएका पहिचान नभएका वा बेवारिसे शव वा शरीरको अङ्ग वा भागको व्यवस्थापन गर्नुअघि व्यक्ति पहिचान गर्न डि. एन. ए. लगायतका परीक्षण गर्नको लागि आवश्यक नमूना सङ्कलन गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका व्यक्ति पहिचान नभएका वा बेवारिसे शव वा शरीरको अङ्ग वा भागको शव व्यवस्थापन गर्दा त्यस्तो शव वा शरीरको अङ्ग वा भागको पहिचान हुनसक्ने सङ्केत चिह्न राखी सुरक्षित तवरले जमिनमुनी राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम राखिएको शव वा शरीरको अङ्ग वा भागको हकवाला पहिचान भई त्यस्तो हकवालाले जिम्मा लिन चाहेमा निजलाई त्यस्तो शव वा शरीरको अङ्ग वा भाग हस्तान्तरण गर्नु पर्नेछ।

१५. **भण्डारण वा संरक्षण गरिएका वेवारिसे शवको हस्तान्तरण:** (१) दफा १४ बमोजिम भण्डारण वा संरक्षण गरिएका शवको पहिचान खुल्न आएमा हकवाला वा आफन्तलाई अनुसूची-३ बमोजिमको ढाँचामा सनाखत गराई अनुसूची-४ बमोजिमको शव हस्तान्तरण फारम भरी शव हस्तान्तरण गर्नु पर्नेछ।

(२) समितिले तोकेको अवधिभित्र यस दफा बमोजिम हस्तान्तरण हुन नसकेको शव कुनै शिक्षण अस्पताललाई सिकाई कार्यको लागि आवश्यक भएमा समितिको सिफारिसमा अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरी शव भण्डारण वा संरक्षण गर्ने निकायले त्यस्तो शिक्षण अस्पताललाई हस्तान्तरण गर्न सक्नेछ।

(३) पहिचान नभएका तथा वेवारिसे शव हस्तान्तरण कार्यमा सम्भव भएसम्म अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विधि पद्धति र प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(४) पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन सम्भव भएसम्म अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बाह्र वर्षसम्म सुरक्षित रहन सक्ने गरी गर्नु पर्नेछ।

---

$\pi$ पहिलो संशोधनद्वारा थप

१६. **वेवारिसे शवको अन्त्येष्टि:** (१) यस निर्देशिका बमोजिम पहिचान नभएका तथा वेवारिसे शवलाई सम्बन्धित प्रहरी कार्यालयले समितिको निर्णय बमोजिम स्थानीय जनप्रतिनिधि तथा सम्बन्धित क्षेत्रका सामाजिक संघसंस्थाहरुको रोहवरमा स्थानीय तहको समन्वयमा अन्त्येष्टि गरी सोको विवरण राख्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम सिकाई प्रयोजनको लागि शिक्षण अस्पताललाई हस्तान्तरण गरिएको शवको हकमा सिकाई कार्य सम्पन्न भए पश्चात सम्बन्धित शिक्षण संस्थाले उपदफा (१) बमोजिम अन्त्येष्टि गर्नु पर्नेछ।

१७. **वेवारिसे शव व्यवस्थापनको आर्थिक स्रोत:** (१) यस निर्देशिका बमोजिम शव व्यवस्थापनको लागि आवश्यक पर्ने खर्च सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रहरी कार्यालयको समन्वयमा व्यवस्था गर्नेछ।

(२) यस निर्देशिका बमोजिम शव व्यवस्थापन गर्दा नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(३) विपदको कारण मृत्यु भएको तथा संक्रामक रोगबाट मृत्यु भएको व्यक्तिको शव व्यवस्थापन प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसूची – १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## पहिचान नभएका तथा वेवारिसे शवको लाश जाँच मुचुल्काको ढाँचा

श्री ................................ प्रहरी कार्यालय ................... वाट ................... (फलाना ठाउँ) मा खडा गरेको घटनास्थल, लाश जाँच मुचुल्का।

**१. मृतकको नाम, थर (पहिचान खुल्न आएको अवस्थामा मात्र) हुलिया:-**

वतन:-

उमेर:-

लिङ्ग:-

**२. सूचनाको छोटकरी विवरण:**

.....................................................................................................................

.....................................................................................................................

**३. घटनास्थलको चार किल्ला सहितको विवरण:-**

.....................................................................................................................

.....................................................................................................................

**४. लाशको विवरण:-**

लाशको शारीरिक अवस्था:- (व्यहोरा खुलाउने)

लाशको विवरण:-

(कपडा–शरीरमा भएका अन्य भौतिक सामग्रीहरू समेत)

हात:-

उचाइ: खुम्चिएको

कपालको रङ्ग: सोझो

नडेको अवस्था: मुठ्ठी

अनुहारको अवस्था:- खुट्टाको अवस्था:

आँखा: खुल्ला / बन्द अन्य अवस्था:

नीलडामहरू: (ठाउँ र आकार तथा नाम)

मुख:

..................................

दाँत र जिब्रो: काटिएको घाउहरू:

घाँटीको अवस्था: (ठाउँ, आकार)

घाँटीको दामहरु: अन्य ठाउँहरु:

छाती:

....................................

मलद्वार:

....................................

लिङ्ग/योनी:

परिच्यात्मक चिन्ह (कुनै भए):

....................................

(ठाउँ, आकार तथा नाप)

अन्य कुनै विकृति । अस्वाभाविक लक्षण भए (सो समेत उल्लेख गर्ने)

**५. देखे बमोजिम सही छाप गर्नेको नाम, थर, उमेर वतन र सही:-**

.........................................................................................................................................

.........................................................................................................................................

.......................................

**६. स्थानीय प्रतिनिधि/ रोहवरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सही:-**

...................................................................................................................................

...................................................................................................................................

दरखास्त वा सूचना दिने व्यक्तिको,-

नाम, थर, उमेर वतन र सही:-

अभियुक्तहरुको नाम, थर, उमेर, वतन र सही:-

काम तामेल गर्ने:-

अन्य प्रहरी कर्मचारीहरु:-

....................................

....................................

मिति:-

## अनुसूची - २

(दफा १० सँग सम्बन्धित)

### शव वर्गीकरण फारम

घटनास्थलमा प्राप्त शवको घटनास्थल मुचुल्का लगायतका कार्य पश्चात शवको प्रकृतिको आधारमा देहाय बमोजिमको समूहमा छुट्याई थप जैविक परीक्षण लगायतका कानूनी प्रक्रियाको लागि गरिने वर्गीकरण :

घटनास्थलको अवस्था:

फेला परेको मिति र समय :

शवको संकेत नं. :

**शव वर्गीकरण विवरण**

| सि.नं. | भेटिएको शवको अवस्था | भए/ नभएको | कै. |
|---|---|---|---|
| १ | सग्लो अवस्थाको शव (सहज पहिचान गर्न सकिने) | | |
| २ | क्षत विक्षत अवस्थाको शव | | |
| ३ | सडी गली कङ्काल अवस्थामा भेटिएको शव | | |
| ४ | कपडासहित रहेको शव | | |
| ५ | प्राकृतिक विपत्ति वा सङ्क्रमणबाट मृत्यु भएको जस्तो देखिने शव | | |
| $^{\pi}$६ | शरीरको कुनै अङ्ग वा भाग | | |

घटनास्थलमा खटिने प्रहरी अधिकृतको :
नाम थर:
दर्जा:
मिति:
फोन नं:
दस्तखत:
कार्यालयको छाप:
घटनाको प्रकृतिको गम्भीरताको आधारमा तत्काल प्रमाणहरु संकलन गर्नुपर्ने भएमा विधि विज्ञान विशेषज्ञलाई समन्वय गरे/नगरेको खुलाउने:

---

$\pi$ पहिलो संशोधनद्वारा थप

**अनुसूची - ३**

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**शव सनाखत फारम**

घटनास्थल:

भेटिएको शवको प्रकृति:

घटनास्थलमा भेटिएको शवको अवस्था:

शव भेटिएको मिति:

परिचयात्मक क्रमाङ्क प्रयोग गर्नुहोस् र सम्बन्धित फाइलहरू, तस्वीरहरू र भण्डारण गरिएका वस्तुहरू संलग्न गराउनुहोस्।

| |
|---|
| शव/शवको टुक्राको संकेत नं.: |
| सम्भावित शवको सनाखत: |
| **सनाखतको लागि निवेदन दिने व्यक्ति:**<br><br>**नाम...........................................................मृतकसँगको नाताः**<br><br>**हराएको स्थान र मिति ...........................................सूचनाको श्रोत..........................**<br><br>**दस्तखत.........................................................** |
| शवको सनाखत विवरणः<br>(स्थान, मिति, घटनास्थलको विवरण र फेला परेको शवको संकेत नम्बर र जैविक परीक्षणमा प्राप्त रिपोर्ट मेल खाएको विवरण। यदि सोही व्यक्ति कहीँ कतै हराएको हुलिया परिपत्र गरेको भए निवेदन दिएको मिति र कार्यालयको नाम समेत उल्लेख गर्नुहोस् र उपलब्ध प्रमाण र विवरणको आधारमा सनाखत हुनसके सनाखत गर्नेको नाम र नाता सम्बन्ध पनि संलग्न गर्नुहोस्।<br>विवरण भर्ने व्यक्तिको नामः पदः<br>दस्तखतः<br>मितिः |

(जिल्ला शव व्यवस्थापन समितिले स्थानीय जनप्रतिनिधि, राजनीतिक दल तथा नागरिक समाज लगायतका प्रतिनिधिहरूको रोहवरमा प्रहरी कर्मचारीको आवश्यक सहयोगमा शव सनाखत फारम भराई सम्बन्धितले सनाखत गरी शव पहिचान कार्य गर्ने)

## अनुसूची - ४

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

### शव हस्तान्तरण फारम

फेला पर्दाको अवस्थामा शवको प्रकृति:

घटनास्थलको विवरण:

घटना मिति:

शवको संकेत नम्बर:

शवमा भएका पहिचान खुल्ने लक्षणहरु:

विवरण भर्ने व्यक्तिको नाम:

| **संकेत नम्बर** | **प्रमाणहरु भेटिएको मिति** | **प्रमाणहरुको विस्तृत विवरण** | **संख्या** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**बुझाउनेको,-**
नाम:
पद:
मिति:
फोन नं.:
दस्तखत र छाप:

**बुझिलिनेको,-**
नाम:
पद:
मिति:
फोन नं.:
हस्ताक्षर र छाप:

**रोहवरमा बस्नेको,-**
**नाम:**
**पद/पेशा:**
**सम्पर्क नं.**
**दस्तखत:**

**अनुसूची -५**

(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

**शव हस्तान्तरण सम्झौता ढाँचा**

मिति २०८ / / गते ....... बजेको समयमा प्रदेश ....... जिल्ला ....... म.न.पा./न.पा./गा.पा., वडा नं. ..... मा फेला परेको अं.... वर्ष ....... को पहिचान नखुलेको (वेवारिसे) शव ........... प्रहरी कार्यालयको वडा/एरियामा फेला पारि कानूनसम्मत रुपमा शवको प्रकृति मुचुल्का लगायतको कार्यहरु समाप्त गरी सङ्कलन, भण्डारणमा रहेको पुरुष/ महिला व्यक्तिको शव पछि मृतकको आफन्त/नजिकको हकदार खुल्न आएको अवस्थामा नियमानुसार हुने गरी हाल वेवारिसे अर्थात पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३ बमोजिम शिक्षण सिकाई प्रयोजनको लागि .......... शिक्षण अस्पताल ....... लाई आज मिति ........... गते बुझी लिएँ। नेपालको प्रचलित कानूनको अधिनमा रही सो शव व्यवस्थापन ............ शिक्षण अस्पताल स्वयंले गरी सो को जानकारी जिल्ला वेवारिसे शव व्यवस्थापन समितिलाई सम्पूर्ण कागजी प्रक्रियाहरु पूरा गरि गराउँदछौँ।

(जिल्ला वेवारिसे शव व्यवस्थापन समितिको निर्णय यसैसाथ संलग्न छ।)

इति सम्बत २०८ साल.......महिना ......गते रोज.......शुभम।

**शिक्षण अस्पताल प्रशासनको तर्फबाट प्रतिनिधिको दस्तखत**

नाम, थर:-

वतन:-

पद:

सम्पर्क नम्बर:-

प्राप्त पत्रको च.नं. र मिति:

**नेपाल प्रहरीको प्रतिनिधिको**

दस्तखत:-

नामथर:-

दर्जा:-

कार्यालय:-